नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

पत्र संख्याः

चलानी नं.

सिंहदरवार

काठमाडौँ, नेपाल।

मितिः २०८३।०७।०९

सूचना

नेपालको संविधानको धारा ११४ बमोजिम "विज्ञान, प्रविधि तथा नवप्रवर्तन अध्यादेश, २०८३" जारी भएको छ ।उक्त अध्यादेशको दफा ३ मा विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनको उन्नयन र विकासका लागि नीतिगत, कानूनी, संस्थागत सुधारः प्राथमिकता निर्धारण, समन्वय, सहजीकरण र स्रोत परिचालन सम्बन्धमा नीतिगत मार्गनिर्देश गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद्को गठन हुने व्यवस्था रहेको छ ।उक्त अध्यादेशको दफा ३ उपदफा १ (छ) मा उपाध्यक्षको सिफारिसमा अध्यक्षले विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रका प्राविधिज्ञ, इन्जिनियर, अनुसन्धानकर्ता, विशेषज्ञ, प्राज्ञ तथा प्रविधि, नवप्रवर्तन उद्योग व्यवसाय क्षेत्रमा विशेष अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट कम्तीमा दुई जना महिला सहित ६ जना सदस्य मनोनित गर्ने व्यवस्था रहेको छ ।उक्त व्यवस्था बमोजिमका सदस्य मनोनित गर्ने प्रयोजनका लागि सो पदका लागि योग्यता पुगेको दक्ष व्यक्तिको लागि ७ (सात) दिन भित्र सिफारिस उपलब्ध गराइ यस मन्त्रालयको Website www.mosti.gov.np मा पठाइदिनहुन सार्वजनिक जानकारी गराइन्छ ।

फोन नं. :

वेवसाइट :